**नगरप्रमुख म खडक बहादुर रावत नेतृत्वको घोडाघोडी नगर सरकारले १०० दिनमा सम्पन्न गरेका महत्वपुर्ण काम र हासिल गरेका उपलब्धिहरुको विवरणः**

आदरणीय नगरवासी आमा,वुवा,दाजु भाई तथा दिदि बहिनीहरुमा नमस्कार,

नेपालको संविधान बमोजिमको संघिय प्रणालीको कार्यान्वयनका क्रममा सम्वत २०७९ वैशाख ३० गते सम्पन्न दोस्रो स्थानीय तह सदस्य निर्वाचनमा यहाँहरुको अपार माया,साथ,सहयोग र विश्वासले आफ्नो वालिग मताधिकारवाट मलाई यस नगरपालिकाको नगर प्रमुख पदमा निर्वाचीत गराउनु भएकोमा हृदय देखिनै हार्दिक आभार प्रकट गर्दछु। यस पदमा निर्वाचीत भई सम्वत २०७९ जेठ ९ गते सपथ ग्रहण गरी सरकार संचालन गरेको १०० दिन पुरा भएको छ । मुलुकमा जारि भएको नेपालको संविधान, संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार संचालन ऐन, स्थानीय सरकारले निर्माण गरेका ऐन, कानुन, नीति, निर्देशीका वमोजिम स्थानीय तहको एकल अधिकार र साझा अधिकारको क्षेत्र भित्र रहि समृद्ध नेपाल र सुखी नेपाली को आकाक्षां पुरा गर्न पर्या पर्यटन, शिक्षा, कृषी र पुर्वाधार । समृद्ध घोडाघोडी विकासको आधार।। भन्ने मुल नाराका साथ घोडाघोडी नगरपालिका लाई दिगो शान्ती, सुशासन, विकास र समृद्धिको वाटोमा डोर्याउनका लागि मैले गरेको प्रतिवद्धता र यस अवधिमा नगरपालिकाले प्राप्त गरेका उपलब्धी तथा केही प्रयासहरु लाई वुदागत रुपमा प्रस्तुत गरेको छु ।

1. अव्यवस्थित वसोवासी, भुमिहिन दलित र भुमिहिन सुकुम्वासीहरु लाई जग्गा उपलब्ध गराउने कार्यका लागि नगर क्षेत्र भित्र जग्गा नाप नक्सा गर्ने कार्यका लागि point राख्ने कामको थालनी गर्दै वडा न. १, २, ६ र ८ मा point राख्ने काम सम्पन्न गरेका छौ भने वाकि वडाहरुमा क्रमै संग सुचारु अवस्थामा छ ।
2. नगर कार्यपालिकाको कार्यपालिका वैठक घुम्ती सेवाका रुपमा क्रमै संग वडा न.१२, ११ हुदै सबै वडामा सञ्चालनको नीती लिइएको छ ।
3. आ.व. २०७९।०८० को बार्षिक नीति तथा कार्यक्रम र बजेट तयार भई कार्यान्वयनको चरणमा छ ।
4. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरु लाई मासिक रु १००० सामाजिक सुरक्षा भत्ता दिने कार्यको लागि तथ्यांक संकलन प्रकृया अगाडी वढेको छ ।
5. क बर्गका पुर्ण अशक्त अपाङग व्यक्तिहरुको जीवन निर्वाह गर्न सहज हुने गरि वडा न. १ वाट निजहरुको विमा गर्ने कार्यक्रमको सुरुवात गरिएको छ ।
6. नगर भित्रका सम्पुर्ण बालबालिकाहरुले पाउनु पर्ने सबै खोपहरु पाइसकेको तथा खोपको सहज उपलब्धता सुनिश्चित भएकाले नगरपालिकालाई नै पुर्ण खोप सुनिश्चित नगरपालिका घोषणा गरिएको छ ।
7. पर्या पर्यटन प्रवर्द्धन तथा वातावरण संरक्षणका लागि वडा न. ८ को लठुवा सामुदायिक वनमा ४.५ विघा जमिनमा करिव ७५० वटा लिचि, आँप ,कागतिका विरुवाहरु वृक्षारोपण गरिएको छ ।
8. सामाजिक सुरक्षा भत्ता रकम वितरणलाई सहज वनाउन वैकंहरुसंग समन्वय गर्दै वडा-वडा र टोल-टोलमा सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।
9. आयुर्वेदिक चिकित्सा सेवा मार्फत जनताको स्वास्थ्य चेकजाचका लागि वडा न. ४ मा नागरिक आरोग्य सेवा केन्द्रको स्थापना गरि संचालन गरिएको छ ।
10. घोडाघोडीको कौवा खोलामा निर्माण गरिएको पक्कि पुलको औपचारिक उदघाटन गरि जनताहरुको आवतजावतमा सहजता भएको छ ।
11. नगरपालिकाको मुटु मानिने वडा न.१ को सुखड चोकमा हेलोजिन लाईट संचालन गरिएको छ ।
12. राजमार्ग क्षेत्रमा हुने सडक दुर्घटना न्यूनिकरण तथा सडक यातायातलाइ व्यवस्थित वनाउनका लागि ३ वटा सि सि टिभि का साथै वडा न. १ र ८ कार्यालयमा सिसि टिभि जडान गरिएको छ ।

13. वालवालिकाका समस्या पहिचान गरी आगामी कार्यक्रम तय गर्नकालागि प्रत्यक्ष रुपमा वालवालिकाको सहभागितामा वालवालिकासंग नगरपालिका संवाद कार्यक्रम संचालन भएको छ । वालवालिका सम्बन्धी ५ वर्षिय रणनीति निर्माण गरिएको छ।
14. वडा न. ९ मा खानेपानी आयोजनाको शिलान्यास गरिएको छ ।
15. सडक अतिक्रमण गरि निर्माण गरिएका संरचना हटाउन आवश्यक प्रकृया अगाडी वढाईएको छ ।
16. नगरपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरु लाई सम्मान गर्ने कामको थालनी गरिएको छ ।
17. नव निर्वाचित प्रतिनिधि र कर्मचारीहरुलाई सेवा प्रवाहका विषयमा अभिमुखीकरण कार्यक्रम प्रदान गरिएको छ ।
18. नगरपालिका भित्र भ्रष्टाचार न्युनिकरण र सुशासन प्रवर्धन गर्न सरोकारवाला संग अन्तर्कृया कार्यक्रम संचालन गरिको छ ।
19. नगर भित्र रहेका तालतलैयाहरुको वारेमा अध्ययन गरि प्रतिवेदन तयार गर्न विशेष समिति गठन गरि परिचालन गरिएको छ ।
20. सहि सूचना, परामर्श वित्तिय साक्षारता मार्फत वैदेशिक रोजगारीलाइ व्यवस्थित गर्न सामी परियोजनालाई नगरपालिकावाटै संचालन गर्न आवश्यक प्रकृया अगाडी बढाईएको छ ।
21. नगरभित्रका सामुदायिक विद्धायलको भौतिक पुर्वाधार विकासका लागि विल्डवन संग सम्झौता गरि कार्यान्यन प्रकृयामा अगाडी वढाईएको छ ।
22. विपद जोखिम स्थानीयकरण कार्यक्रम संचालन गरि विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन क्षमता अभिवृद्धी गरिएको छ ।
23. नगरपालिका भित्र धर्म सस्कृती प्रथा परम्पराको जगेर्ना गर्दै सामाजिक सदभाव कायम गर्न नगरस्तरीय तीज र गौरा पर्वको आयोजना गरिएको छ ।
24. कैलाली जिल्ला अन्तर स्थानीय तह रोजगार सेवा सम्बन्धी असल अभ्यास आदान प्रदान कार्यक्रम संचालन गरिएको छ।
25. नगर अस्पताल निर्माणकार्य दुर्त रुपमा अगाडी वढाई संचालनका लागि कर्मचारी छनोट भर्ना प्रकृया अगाडी वढेको छ ।
26. पालिका भित्रका ३ वटा स्वास्थ्य संस्थामा कुपोषित वालवालिकाहरुको उपचार केन्द्र थप विस्तार गरिएको छ ।
27. महिला स्वास्थ्य स्वयम सेविकाज्यूहरुको व्यस्ततालाइ मध्यनजर गर्दै मासिक रु १००० यातायात सुविधा वापत थप उपलव्ध गराउन आवश्यक नीति निर्माण गरि कार्यान्वयन चरणमा अगाडी वढाईएको छ ।
28. क्षयरोग मुक्त पालिका घोषणाका लागि आवश्यक कार्ययोजना तयार गरिएको छ ।
29. अपांग वालवालिकाहरुका लागि एकिकृत स्वास्थ्य शिविर संचालन गरिएको छ ।
30. वडा न. १० मा जेष्ठ नागरिकहरुका लागि निशुल्क आखा शिविर संचालन गरिएको छ।
31. मानब बेचबिखन, ओसार पसार तथा अपराधजन्य गतिविधि न्यूनिकरणका लागि पालिका भित्रका होटल तथा मनोरंजनका क्षेत्रहरुको अनुगमन गरिएको छ।
32. नगर भित्रका सामुदायिक बिधालयमा अध्ययनरत २७१ जना असहाय टुहुरा वालवालिकाहरुको नगरपालिकाले अपनत्व ग्रहण गरि निजहरुलाई शैक्षिक सामग्रीहरु वितरण गरिएको छ ।
33. कृषि पेशामा नागरिकहरुको सम्मान जनक सहभागिताका लागि नगरस्तरिय उत्कृष्ट कृषक सम्मान कार्यक्रम अन्तर्गत सबै वडा बाट १/१ जना गरि १२ जना कृषकलाई नगद सहित सम्मानित गरिएको छ।
34. अपाङ्ग परिचय वितरणका लागि आवश्यक चिकित्सको प्रमाणित प्रमाणपत्र नगरपालिकामा उपलब्ध विशेषज्ञ डाक्टरबाट नगरपालिकामै उपलव्ध गराईने गरिएको छ।
35. राजमार्ग क्षेत्रमा सुरक्षा कर्मी हरुलाई वस्नका लागि आवश्यक पर्ने भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको र उदधाटनको पर्खाईमा रहेको छ ।
36. दलित विकास मञ्च वडा न. ७ को भवन शिलान्यास गरि उदघाटनको चरणमा पुगेको ।
37. नगर क्षेत्र भित्र २ वटा खेलमैदान निर्माण गरिएको छ ।

38. वडा न. ८ मा १ वटा सार्वजनिक शौचालय निर्माण गरिएको छ ।
39. नगरका विभिन्न क्षेत्रमा ५ वटा गेट निर्माण गरिएको छ।
40. वडा न. १, ६, ८, ९ र १० मा गरेर जम्मा ७५३.४० मिटर पक्की पर्खाल(compound wall) निर्माण गरिएको छ।
41. नगर क्षेत्र भित्र ३३.५० मिटर पक्की नालि निर्माण गरिएको छ।
42. नगर क्षेत्र भित्र ३३ वटा डिप वोरीङ जडान गरिएको छ।
43. नगरपालिकाका बिभिन्न स्थानमा ८ वटा मन्दिर निर्माण गरिएको छ।
44. नगर क्षेत्र भित्र ४ वटा सामुदायिक भवन निर्माण गरिएको छ।
45. नगर क्षेत्र भित्र ५ वटा खानेपानी धारा जडान गरिएको छ।
46. नगर क्षेत्र भित्र ६२ मिटर तटवन्धन गरिएको छ।
47. नगरपालिका भीत्रमा १२ वटा कल्भर्ट निर्माण गरिएको छ।
48. नगरपालिकाम भित्रमा ६१.३५ किमि सडक ग्रावेल गरिएको छ।
49. वडा न. ५ र वडा न. २-६ जोडने गरि जम्मा ३ वटा काठेपुल निर्माण गरिएको छ।
50. वडा न. ५ को झोलुङ्गे पुल निर्माण गरिएको छ।
51. नगरपालिका भित्रका सम्पुर्ण सहकारी हरुलाई कोपोमिसमा आवद्ध गराउन आवश्यक प्रकृया चालेको छ।
52. नगरपालिका भित्रका सवै मेलमिलापकर्ताहरुको सुची तयार पारिएको छ।
53. प्रत्येक वडा वाट २ जना गरि जम्मा २४ जना एकल महिलाका लागि चुरापोते कार्यक्रम संचालन गरिएको छ।
54. २४ जना मुक्त कमलरी लाई डलकुशन वनाउने तालिम प्रदान गरिएको छ।
55. ३६ जना दलित महिलाका लागि बाख्रा पालन तालिम र खोर सुधार गर्न सामग्री समेत वितरण गरिएको छ।
56. ६० जना आदिवासी,जनजाती,महिला हरुका लागि लोकसेवा तयारी कक्षा संचालन गरिएको छ।
57. युवा स्वरोजगार तथा एक वडा एक फार्म वडा न. १ र ७ मा स्थापना गरि संचालन गरिरहेको छ।
58. डेरी तथा मासु पसल सुधार कार्यक्रम वडा न. १,२ र ३ मा संचालन गरिएको छ।
59. व्यव्साय पशु फार्म प्रवर्द्धन र नया खोर सुधार कार्यक्म वडा न. १,२,८,११ र १२ मा संचालन गरिएको छ।
60. पशु कृत्रीम गर्भाधान मिसन कार्यक्रम कार्यान्वयन ल्याईएको छ।
61. पशुहरुमा खोरेत रोग बिरुद्दको खोप लगाउने कार्यक्रम संचालन गरेको र हाल सम्म ३००० वटा जनावरमा लगाईसकेको छ।
62. ५० % अनुदानमा २८ वटा कृषि औजार यन्त्र वितरण गरिएको छ।
63. वर्षे फलफुलका अन्तर्गत आप,लिचि,अम्वा,अनार,अंगुर,कागति,ड्रागनका ९२७७ विरुवा वितरण गरिएको छ।
64. २७९ जना लाई कृषकहरुलाई धान बाली प्रवर्ध्दन कार्यक्रममा सहभागि गराईएको छ।
65. प्रधान्मन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत वर्षे घानका लागि कार्यक्रमका पकेट कार्यक्रम संचालन छ।
66. साना सिंचाई कार्यक्रम अन्तरगत२३ वटा स्यालो ट्युवेल निर्माण कार्य सम्पन्न गरि ६१ हेक्टर क्षेत्रफलमा सिंचाई विस्तार गरिएको छ।
67. किसान सूचिकरण कार्यक्रम अन्तरगत वडा नं. ५,६,७ र १२ का २८०० परिवारलाई सिस्टममा अपडेट गरिसकेको छ।
68. आ.व. २०७८-०७९ को असार मसान्त सम्ममा राहतका लागि परेका निवेदनहरु माथि आवश्यक छानविन गरि जम्मा ३७ जना लाई रु १ लाख ९५ हजार राहत वापत नियमानुसार उपलव्ध गराईएको छ ।
69. सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याईएको छ।
70. तरकारी खेती व्यव्साय गर्ने ३३ जना लघु व्यवसायीहरु लाई तरकारी खेती तालिम संचालन र आवश्यक सामानको हस्तान्तरण गरिएको छ साथै स्तरोउन्नतीका लागि २ एच पि को ४ वटा मोटर र ७ जना लई ०.५ एच पि को पानि मोटर प्रदान गरिएको छ।

71. वाख्रापालन व्यवसाय गर्ने २० जना व्यवसायीहरु लाई प्रतिव्यक्ती ५ वटा वाख्रा उपलव्ध गराउन आवश्यक प्रकृया अगाडी वढाइएको छ।
72. मुक्त कमैया,मुक्त कमलरी गरेर जम्मा २० जना लाई दुना टपरी व्यवसाय गर्न तालिम प्रदान र प्रविधि हस्तान्तरण का लागि सहभागि छनोट गरि प्रकृया अगाडी वढाइएको छ।
73. वडा न. ८ मा सोडा उधोग स्थापनाका लागि ५ जना लाई तालिम प्रदान गरिएको छ।
74. प्रविधि हस्तान्तरण अन्तर्गत वडा न. ११ का ३० जना वंगुर पालन व्यवसायकर्ताहरुलाई जम्मा ६० वटा वंगुरका पाठा पाठी वितरण गरिएको छ ।
75. वडा न.११ का १२ जना लाई नाश्ता तथा मिठाई वनाउने सिप विकास तालिम प्रदान र किचन सेट उपलव्ध गराईएको छ।
76. वडा न. ११ र २ जना लाई व्युटि पार्लर तालिम र थ्रेडीङ कुर्सि प्रदानका साथै व्यवसाय स्तरोउन्नतीका लागि ६ जना लाई कपाल स्ट्रेट गर्ने मेसिन प्रदान गरिएको छ।
77. वडा न ११ का २ जना लाई हाउस वाईरिङ तालिम प्रदान गरिएको छ।
78. वडा न. ११ का १ जना लाई फर्निचर सम्बन्धी तालिम प्रदान र औजार समेत उपलव्ध गराईएको छ।
79. वडा न. १,५,११ मा सिलाईकटाई तालिम प्रदान गरि मेसिन हस्तान्तरण र स्तरोउन्नतीका लागि ४ जना लाई काउन्टर टेवल सेत प्रदान गरेको छ।
80. नगरपालिकाको पहलमा स्वास्थ्य तथा जनसङख्या मन्त्रालय वाट अत्याआवश्यक औजार उपकरणका लागि रु ८००००० ।- प्राप्त गरेको छ।
81. कोभिड खोप लगाउन छुटेका नागरिकहरुलाई खोप कार्यक्रम निरन्तरता दिईएको छ।
82. ४१ जना विपन्न नागरिकहरुलाई ८ वटा दिर्घ रोगहरुको उपचार सहुलियत तथा छुटका लागि सम्बन्धित अस्पताल र मन्त्रालयहरुमा सिफारिस गरिएको छ ।
83. मिर्गौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउन निवेदन संकलन गरिरहको छ।
84. वडा न. ८ को कार्यालयले आफ्नै भवनवाट सेवा दिन सुरु गरिएको छ।
85. १२ वटै वडाहरुमा महिनाको १/१ दिन गरि जम्मा २१४३ जना गर्भवती महिलाहरुको निशुल्क अल्ट्रासाउन्ड गरेको छ।
86. वेमौसमी वर्षाका कारण क्षती भोगेका ११४८२ परिवार मध्ये ७०२४ परिवार लाई राहत वितरण गरि वाकि ४४५८ परिवारका लागि आवश्यक रकम मागका लागि जिल्ला प्रशासन लाई जानकारी पठाईएको छ।
87. आ.व. २०७९-०८०मा विकासका कार्यहरुलाई समयमै अगाडी वढाउन ई- टेण्डर को सुचना प्रकाशन गरि सकेकोछ।
88. नगरपालिकाले आफ्नै कार्यालय भवन वाट दशै भित्र सेवा प्रवाह गर्ने गरि तयारी गरिरहेको छ।

**धन्यवाद**

**खडक बहादुर रावत**
**नगर प्रमुख**